# मैवाखोला गाउँपालिकाको योजना तर्जुमा कार्यान्वयन र व्यवस्थापन कार्यविधि

२०७४

# मैवाखोला गाउँपालिकाको योजना तर्जुमा कार्यान्वयन र व्यवस्थापन कार्यविधि २०७४

गाँउकार्यपालिकाबाट स्वीकृत मिति : २०७४।११।२५

प्रस्तावना

गाउँपालिकाको समग्र योजना तर्जुमा व्यवस्थापन एवम योजना तर्जुमा,कार्यान्वयन अनुगमन मूल्याङ्कनमा कार्य कुसलता र प्रभावकारिता ल्याउने प्रयोजनका लागि स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले दिएको अधिकार प्रयोग गरी गाउँपालिकाको योजना तर्जुमा कार्यान्वयन र व्यवस्थापन कार्यविधि २०७४ तर्जुमा गरि लागु गरिएको छ ।

## परिच्छेद - १

**प्रारम्भिक**

**१. <u>संक्षिप्त नाम र प्रारम्भ</u>**

(क) यस कार्यविधिको नाम "योजना तर्जुमा कार्यान्वयन र व्यवस्थापन कार्यविधि-२०७४" रहेको छ ।

(ख) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा**: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :-

(क) "आयोजना" भन्नाले कुनै भौगोलिक क्षेत्र वा कार्यक्षेत्र वा कार्यक्षेत्रमा निश्चित अवधि र लगानी रकम तोकि निर्धारित उद्देश्य प्राप्तिका लागि तयार गरिएको व्यवस्थित क्रियाकलाप सम्भनु पर्छ

(ख) "उपभोक्ता समिति" भन्नाले आयोजनाबाट प्रत्यक्ष लाभ पाउने व्यक्तिहरुको समूहले कुनै आयोजना निर्माण,सञ्चालन, व्यवस्थापन र मर्मत सम्भार गर्नको लागि आफूहरु मध्येबाट निश्चित प्रक्रिया बमोजिम गठन गरेको समिति सम्भनु पर्छ र सो समूहले लाभग्राही समूह समेतलाई जनाउँछ ।

(ग) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ सम्भनु पर्छ ।

(घ) "कार्यक्रम" भन्नाले निश्चित उद्देश्य प्राप्तिका लागि तयार गरिएको क्षेत्रगत,बहुक्षेत्रगत आयोजनाहरुका संयोजित रुप सम्भनु पर्छ ।

(ङ) "कार्यविधि" भन्नाले योजना तर्जुमा कार्यान्वयन र व्यवस्थापन कार्यविधि-२०७४ सम्भनु पर्छ ।

(च) "गैरसरकारी संस्था" भन्नाले यस कार्यविधिको प्रयोजनको लागि प्रचलित कानून बमोजिम स्थापना भएका र गाउँपालिकाबाट आफ्नो कार्यक्रम स्वीकृत गराई गाउँपालिका संग समन्वय राखि कार्य सञ्चालन गर्ने गैर नाफामूलक संस्था सम्भनु पर्छ ।

(छ) "ठूलो मेशिनरी तथा उपकरण" भन्नाले वातावरणलाई अत्याधिक ह्रास पुऱ्याउने प्रकृतिका मेसिनरी,उपकरण (बुलडोजर एक्साभेटर आदि) र श्रममूलक प्रविधिलाई विस्थापित गर्ने खालका मेसिनरी तथा उपकरण सम्भनु पर्छ ।

(ज) "विकास साभ्केदार" भन्नाले नेपाल सरकारसँग भएको सम्भौता बमोजिम नगद,जिन्सि एवम् प्राविधिक सहयोग उपलब्ध गराउने द्विपक्षीय दातृ निकाय,संयुक्त राष्ट्रसंघीय निकायहरु तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था सम्भनु पर्छ ।

(झ) "मन्त्रालय" भन्नाले नेपाल सरकार संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय सम्भनु पर्छ ।

(ञ) "लक्षित समूह" भन्नाले आर्थिक रुपमा विपन्न वर्गका महिला एवम् बालबालिका तथा अर्थिक र सामाजिक रुपमा पिछडिएका वर्गहरु ( सबै जातजातिका विपन्न वर्गहरु,जेष्ठ नागरिक, दलित, आदिवासी जनजाति, अपाङ्गता भएका व्यक्तिहरु, मधेसी, मुस्लिम तथा पिछडावर्ग) एवम् नेपाल सरकारले लक्षित समूह भनि तोकेको वर्ग एवम् समुदाय सम्भनु पर्छ ।

(ट) "लैङ्गिक लेखाजोखा परीक्षण" भन्नाले महिला र पुरुषबीचको भूमिका, सम्बन्ध, स्थान, स्तर, अवसर आदिको लेखाजोखा र महिला पुरुषबीच समानता कायम गर्नका लागि तय गरिएको कार्यक्रम र बजेटको समेत विश्लेषण गर्ने कार्यलाई सम्झनु पर्छ ।

(ठ) "सामाजिक परीक्षण" भन्नाले योजना,नीति, कार्यक्रम, आयोजना कार्यान्वयन र सेवा प्रवाहले आर्थिक सामाजिक विकासमा गरेको समग्र योगदानको लेखाजोखा, विश्लेषण र मूल्याङ्कन कार्य सम्झनु पर्छ ।

(ड) "सार्वजनिक परीक्षण" भन्नाले गाउँपालिकाले सञ्चालन गर्ने कार्यक्रम वा आयोजनाको लक्ष्य, उद्देश्य, बजेट, (आम्दानी) तथा यसबाट प्राप्त नतिजा, उपलब्धी र खर्च आदिकोबारेमा सरोकारवालाहरु बीच जानकारी गराउने, लेखाजोखा गर्ने, र मूल्याङ्कन गर्ने कार्य सम्झनु पर्छ ।

(ढ) "सार्वजनिक सुनुवाई" भन्नाले सरोकारवाला सर्बसाधारण नागरिक र गाउँपालिकाका पदाधिकारीहरुबीच सार्बजनिक चासोको विषयमा सार्बजनिक स्थलमा खुला छलफल गर्ने प्रक्रिया सम्झनु पर्छ ।

(ण) "सामुदायिक संस्था" भन्नाले जनचेतनासम्बन्धी तालिम अभिमुखीकरण, सीप विकास, बचत, कर्जा परिचालन, समावेशी विकास र सशक्तीकरण गर्ने उद्देश्यले निश्चित प्रक्रिया अबलम्बन गरी प्रचलित कानून बमोजिम स्थापना भएका संस्था तथा गाउँपालिकामा सूचीकृत भएका समुदायमा आधारित संस्था सम्झनु पर्छ ।

(त) "योजना" भन्नाले समग्र विकास निर्माण सम्बन्धी तयार पारिएको आवधिक, वार्षिक नगर विकास योजना सम्झनु पर्छ ।

(थ) "सार्वजनिक खरिद ऐन" भन्नाले सार्वजनिक खरिद ऐन २०६३ सम्झनु पर्छ ।

(द) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

(ध) "गाउँपालिका" भन्नाले मैवाखोला गाउँपालिकालाई सम्झनु पर्छ ।

**३.उद्देश्य** (क) गाउँपालिकाबाट गरिने विकास निर्माणका कार्यक्रमहरुलाई मितव्ययी, दिगो, पारदर्शी रुपमा सम्पन्न गर्न सहयोग पुऱ्याउनु यस कार्यविधिको उद्देश्य हुनेछ ।

# परिच्छेद - २

## योजना तर्जुमा

गाउँपालिकाले आफ्नो अधिकार क्षेत्रका विषयमा स्थानीय स्तरको विकासको लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन, दीर्घकालीन र वार्षिक विकास योजना बनाई लागु गर्नेछ । विकासको लागि योजना बनाउँदा नेपाल सरकार र प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समयसीमा र प्रक्रिया संगै अनुकुल हुनेगरी सुशासन, वातावरणमैत्री, बालमैत्री,जलवायु परिवर्तन अनुकुलन, विपद् व्यवस्थापन,लैङ्गिक तथा सामाजिक समावेशीकरण जस्ता अन्तर सम्बन्धित विषयलाई ध्यान दिइनेछ ।

(१) गाउँपालिकले योजना बनाउँदा देहायका विषयलाई प्राथमिकता दिइनेछ ।

(क) आर्थिक विकास तथा गरिवी निवारणमा प्रत्यक्ष योगदान पुऱ्याउने ।

(ख) उत्पादनमुलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने ।

(ग) जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने ।

(घ) स्थानीय बासिन्दाको सहभागिता जुट्ने, स्वयम्सेवा परिचालन गर्न सकिने तथा लागत कम गर्ने ।

(ङ) स्थानीय स्रोत साधनको अधिकतम प्रयोग हुने

(२) गाउँपालिकाको योजना तर्जुमा र कार्यान्वयन गर्दा स्थानीय बुद्धिजीवि, विषय विज्ञ, अनुभवी, पेशाविद्, जेष्ठ नागरिक, महिला बालबालिकाको अधिकतम सहभागिता गराइनेछ ।

(३) योजना तर्जुमा गर्दा सम्भाव्यता अध्ययनको आधारमा स्रोत साधनको पूर्वानुमान, आयोजनाको प्राथमिकीकरण, योजना कार्यान्वयन तालिका र अनुगमन मूल्याङ्कन योजना समेत तयार गरिनेछ ।

## ४. समन्वयमा गर्नु पर्ने कार्यहरु

गाउँपालिका क्षेत्र भित्र गैर सरकारी संघ संस्था, सहकारी संस्था लगायतका सामाजिक तथा सामुदायिक संस्थाले विकास संग सम्बन्धित काम गर्नुपर्दा गाउँपालिकाको समन्वयमा गर्नु पर्नेछ ।

## ५. साझेदारी वा संयुक्त व्यवस्थापनमा कार्य गरिने

गाउँपालिका भित्रको कार्य सञ्चालन गर्दा लागत न्यूनीकरण, स्रोत साधनको अधिकतम उपयोग वा प्रभावकारी सेवा प्रवाहको लागि देहायका विषयमा अन्य गाउँपालिका वा नगरपालिका संग साझेदारी वा संयुक्त व्यवस्थापन गरिनेछ ।

(क) बृहत पूर्वाधार निर्माण, ठूला मेसिन तथा औजार खरिद र व्यवस्थापन

(ख) विपद् व्यवस्थापन

(ग) फोहोरमैला व्यवस्थापन

**६. योजना तर्जुमा प्रक्रियाः** वार्षिक योजना तर्जुमा गर्दा देहायका प्रक्रिया अवलम्वन गरिनेछ :

(१) वार्षिक योजना तर्जुमा गर्दा सहभागितामुलक योजना तर्जुमा प्रक्रिया अवलम्वन गरिनेछ ।

(२) क्रमागत योजनाहरुलाई सम्पन्न गर्न उच्च प्राथमिकता दिइनेछ ।

(३) योजना तर्जुमा प्रक्रिया बस्तीस्तरबाट सुरु हुनेछ । बस्तीमा बसोबास गर्ने नागरिकहरुको संयुक्त भेलाले पहिचान गरेका वा आयोजनाको सूची तयार गरिनेछ ।

(४) बस्तीस्तरबाट प्राप्त सूचीहरुलाई वडा समितिले क्षेत्रगत विभाजन गरी वडास्तरीय र पालिका स्तरीय योजनाको प्राथमिकीकरण गरी बजेट तथा कार्यक्रम तर्जुमा समितिमा पेश गरिनेछ ।

(५) समितिले आगामी आर्थिक वर्षमा सञ्चालन गर्नु पर्ने प्राप्त योजनाहरुको सूचीमा प्राथमिकीकरण गरी कार्यपालिकामा प्रस्ताव पेश गर्नेछ ।

(६) समितिबाट प्राप्त योजना तथा कार्यक्रमको प्रस्तावलाई कार्यपालिकाबाट पारित गरी सभाबाट पारित गरिनेछ ।

### योजना तर्जुमाको समय तालिका

| क्र.स | कार्यक्रम विवरण | समय | कैफियत |
|---|---|---|---|
| १ | श्रोत अनुमान र कुल बजेट सीमा निर्धारण | चैत्र मसान्त | |
| २ | संघ तथा प्रदेशबाट वित्तीय हस्तान्तरणको खाका एवम् बजेट तथा कार्यक्रमको तर्जुमा मार्गदर्शन प्राप्त गर्ने | बैशाख १० | |
| ३ | बजेट सीमा तथा मार्ग दर्शन वितरण | बैशाख १५ | |
| ४ | बस्ती/टोल स्तरबाट योजना छनौट | जेठ १५ | |
| ५ | वडा स्तरीय योजना प्राथमिकीकरण | जेठ २५ | |
| ६ | तर्जुमा समितिबाट बजेट तथा कार्यक्रम कार्यपालिकामा पेश | जेठ ३० | |
| ७ | गाउकार्यपालिकाको बैठकबाट बजेट तथा कार्यक्रम स्वीकृत गरी सभामा पेश गर्ने | असार १० | |
| ८ | गाउ सभाको बैठकमा बजेट तथा कार्यक्रम स्वीकृति | असार मसान्त | |

परिच्छेद ३

## कार्यक्रम वा आयोजना सञ्चालन एवम् व्यवस्थापन

### ७. कार्यक्रम वा आयोजना कार्यान्वयन प्रक्रिया

(क) कार्यक्रम वा आयोजना कार्यान्यियन गर्दा सार्वजनिक खरिद ऐन २०६३ र खर्च गर्ने अख्तियारीमा उल्लिखित मार्गदर्शन तथा शर्तहरु समेतको पालना गरी खर्च गर्नुपर्नेछ ।

(ख) सार्वजनिक खरिद ऐन, २०६३ बमोजिम वार्षिक खरिद योजना बनाई कार्यान्वयनमा ल्याएको हुनुपर्नेछ ।

(ग) गाउँपालिकाबाट कार्यक्रम वा आयोजना स्वीकृत भएपछि उपभोक्ता समिति मार्फत सञ्चालन गरिने कार्यक्रम वा आयोजनाको हकमा बढीमा एक महिना भित्र उपभोक्ता समिति गठन गरी सम्झौताका लागि सम्पर्क राख्न सम्बन्धित वडा मार्फत लाभग्राही समूहलाई जानकारी दिनुपर्नेछ ।

(घ) गाउँपालिकाले छनौट गरिएको योजनाहरुको चैत्र मसान्त सम्म सम्झौता हुन नसकेमा उक्त योजना रद्द गरी अन्य योजना संचालन गर्नेछ ।

(ङ) वार्षिक कार्ययोजना तथा खरिद योजना अनुसार समयमै कार्यक्रम वा आयोजना कार्यान्वयनका लागि आर्थिक वर्षको पहिलो चौमासिक भित्रै लगत अनुमान, डिजाइन तयार गरी विनियोजित बजेटको अधीनमा रही ठेक्कापट्टा मार्फत कार्य गराउनु पर्ने भएमा बोलपत्र सम्बन्धी सम्पूर्ण प्रक्रियाहरु पूरा गरिसक्नु पर्नेछ ।

(च) कार्यक्रम वा आयोजना सञ्चालन गर्दा पेश्की दिने कार्यलाई निरुत्साहित गरी कामको आधारमा भूक्तानी दिने प्रणाली अवलम्बन गर्दै पेश्कीशून्य अभियानको सुरुवात गर्नुपर्नेछ । तर स्वीकृत खरिद योजना बमोजिम आयोजना सञ्चालनको लागि पेश्की दिन बाधा पर्ने छैन ।

(छ) कार्यक्रम वा आयोजना सञ्चालन गर्दा वातावरण संरक्षण ऐन, २०५३, वातावरण संरक्षण नियमावली, २०५४ र सामाजिक तथा वातावरणीय सुरक्षा रुपरेखा, २०६५ बमोजिम प्रारम्भिक वातावरणीय परीक्षण (आई.इ.इ) वा वातावरणीय प्रभाव मूल्याङ्कन (ई.आई.ए)गरेर मात्र सञ्चालन गर्नु पर्नेछ ।

(ज) कार्यक्रम वा आयोजना कार्यान्वयन गर्ने उपभोक्ता समिति वा अन्य निकायले गाउँपालिकाबाट प्राप्त गर्ने रकम बैंङ्किङ सुविधा भएको स्थानमा बैंङ्कमा खाता खोली सञ्चालन गर्नु पर्नेछ । बैंङ्किङ सुविधा प्राप्त नभएको स्थानमा राष्ट्रबैंङ्कबाट इजाजत प्राप्त अन्य वित्तीय संस्थामा खाता खोली सञ्चालन गर्न सकिनेछ ।

(झ) आयोजनाको लागत अनुमान अनुसारका खरिद गर्नुपर्ने निर्माण सामाग्रीहरु स्वीकृत खरिद योजना बमोजिम तोकिएको समय भित्रै उपभोक्ता समिति वा आयोजना कार्यान्वयन गर्ने निकाय आफैंले वा यस्ता निकायहरुको अनुरोधमा गाउँपालिकाले खरिद व्यवस्था गर्न सक्नेछ ।

(ञ) प्रचलित कानुन बमोजिम आयोजनाको हिसाब किताब राख्ने जिम्मेवारी कार्यक्रम वा आयोजना कार्यान्वयन गर्ने सम्बन्धित उपभोक्ता समितिको हुनेछ ।

(ट) गाउँपालिकाबाट सञ्चालित आयोजनाको विवरण राख्ने,नगदी जिन्सीको लेखा दुरुस्त राख्ने,आन्तरिक लेखापरीक्षण गराउने, नियमिति रुपमा भौतिक एवम् वित्तीय प्रगति प्रतिवेदन सम्बन्धित निकायमा पठाउने जिम्मेवारी प्रमुख प्रशासकीय अधिकृत तथा लेखा प्रमुखको हुनेछ ।

(ट) जानीजानी वा लापरबाहीको कारणबाट तोकिएको समयमा कार्यक्रम सम्पन्न नगर्ने उपभोक्ता समिति, संस्था, निकाय वा व्यक्ति आदिसंग गाउँपालिकाले सम्झौता भंग गरी हर्जना समेत लिई बैकल्पिक व्यवस्था गर्न सक्नेछ ।

(ठ) गाउँपालिकाबाट सञ्चालित सबै आयोजनाको आयोजना स्थलमै अन्तिम किस्ता भुक्तानी हुनुपूर्व उपभोक्ता समितिबाट सार्वजनिक परीक्षण गर्नुपर्नेछ ।

(ड) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए ता पनि एक करोड रुपियाँसम्म लागत अनुमान भएका कार्यक्रम वा आयोजना उपभोक्ता समिति मार्फत कार्यान्वयन गराउन प्राथमिकता दिनुपर्नेछ ।
(ढ) आयोजना कार्यान्वयन गर्दा कार्यान्वयन कार्यतालिका निर्माण गरी तोकिए बमोजिमको ढाँचामा संझौता गर्नुपर्नेछ ।

**८. <u>आयोजनाको लागत अनुमान सम्बन्धी व्यवस्था</u>** (१) गाँउपालिकाले आयोजनाहरुको लागत अनुमान, नक्सा र डिजाईन गाउँपालिकाको सम्बद्ध प्राविधिक कर्मचारी वा उक्त प्रयोजनका लागि खटिएका इन्जिनियर, सब ईन्जिनियर र असिष्टेन्ट सव ईन्जिनियर वा विषय सम्बद्ध प्राविधिकबाट गराउनु पर्नेछ ।
(२) आयोजनाको लागत अनुमान (डिजाईन, इष्टिमेट) तयार गर्दा स्वीकृत दररेटको आधारमा निर्माण सामाग्रीको विवरण समेत खुलाई सर्वसाधारणले बुझ्नेगरी नेपाली भाषामा तयार गर्नुपर्नेछ । तर प्राविधिक दृष्टिकोणले प्राविधिक शब्दावलीहरु नेपाली भाषामा अनुवाद गर्न संभव नभएमा विस्तृत लागत अनुमान अंग्रेजीमा तयार गरी लागत तेरिज (अब्स्ट्राक्ट अफ कस्ट) सर्वसाधारणले बुझ्ने गरी नेपाली भाषामा तयार गर्नुपर्नेछ ।
(३) लागत अनुमान तयार गर्दा श्रममूलक तवरबाट काम हुनसक्ने कार्यलाई सोही बमोजिम लागत अनुमान तयार गर्नुपर्नेछ । प्राविधिक दृष्टिकोणबाट श्रममूलक तवरबाट काम हुन नसकि मेसिनरी उपकरणको प्रयोग गर्नुपर्ने भनी सम्बन्धित प्राविधिकबाट कारण सहितको सिफारिश प्राप्त भएमा सोही अनुसार स्वीकृत नर्म्स बमोजिम लागत अनुमान तयार गर्नुपर्नेछ ।

**९. <u>उपभोक्ता समिति सम्बन्धी व्यवस्था</u>** उपभोक्ता समितिको गठन, सञ्चालन, व्यवस्थापन एवम् कार्यक्रम कार्यान्वयन गर्दा समितिले देहाय बमोजिमका प्रावधानहरु समेत पालना गर्नुपर्नेछ :-
(१) उपभोक्ता समितिबाट आयोजना कार्यान्वयन र सञ्चालन गर्दा आयोजनाबाट प्रत्यक्ष लाभान्वित हुने घर परिवारको पहिचान गरी त्यस्ता घरपरिवारको आम भेलाबाट सम्बन्धित आयोजनास्थलमा नै सात देखि नौ सदस्यीय उपभोक्ता समिति गठन गर्नुपर्नेछ । उपभोक्ता समितिका सदस्यहरुले आफ्ना नागरिकताको प्रतिलिपि पेश गर्नुपर्नेछ ।
(२) गाउँपालिकाका बहालवाला पदाधिकारी, राजनीतिक दलको प्रतिनिधिको रुपमा गाउँपालिका तथा वडाका कुनै पनि पदमा आसिन व्यक्ति, बहालवाला सरकारी कर्मचारी, शिक्षक, निर्माण व्यवसायी,सरकारी पेश्की वा बेरुजु फछ्र्यौट नगरेका व्यक्तिहरु, नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय पाई उक्त सजाय भुक्तान गरेको तीन वर्ष ननाघेको व्यक्ति, सार्वजनिक सम्पति हिनामिना गरेका व्यक्ति उपभोक्ता समितिका पदाधिकारी तथा सदस्य हुन पाउने छैनन् ।
(३) उपभोक्ता समितिमा कम्तिमा तेत्तिस प्रतिशत महिला हुनुपर्नेछ । समितिको अध्यक्ष, सचिव र कोषाध्यक्षमध्ये कम्तीमा एकजना महिला पदाधिकारी हुनुपर्नेछ । उपभोक्ता समिति गठन गर्दा समावेशी हुनका साथै उपभोक्ता समितिमा आवद्ध व्यक्तिहरु सामान्यतया साक्षर हुनुपर्नेछ ।
(४) एउटै समयमा एक व्यक्ति एक भन्दा बढी उपभोक्ता समितिको सदस्य हुन पाउने छैन, साथै एकासगोलका परिवारबाट एकजना भन्दा बढी व्यक्ति समितिको सदस्य हुन पाउने छैन ।
(५) उपभोक्ता समिति गठन गर्दा गाउँपालिकाको सम्बन्धित वडाध्यक्ष र वडा सचिवको रोहबरमा गर्नुपर्नेछ । उपभोक्ता समिति गठन गरेपछि सो सम्बन्धि प्रतिवेदन सम्बन्धित वडा समितिमा तथा गाउँपालिकामा पेश गर्नुपर्नेछ ।
(६) प्रचलित ऐन, नियम, प्रक्रिया र मापदण्ड विपरित उपभोक्ता समिति वा अनुगमन समिति गठन गरेको वा सिफारिस गरेको पाइएमा यसरी गठन वा सिफारिश गर्ने वडाध्यक्ष र वडा सचिवलाई कारवाही हुनेछ ।

(७) उपभोक्ता समितिको गठन सर्वसम्मत तरिकाले गर्नुपर्नेछ । सर्वसम्मत हुन नसकेको अवस्थामा तोकेको विधि अनुसार वडाध्यक्ष र वडा सचिवले उपभोक्ता समिति गठन गरी सोको जानकारी सम्बन्धित गाउँपालिका लाई गराउनु पर्नेछ ।

(८) गाउँपालिकाबाट कार्यक्रम वा आयोजना स्वीकृत भएपछि उपभोक्ता समिति मार्फत सञ्चालन गरिने कार्यक्रम वा आयोजनाको हकमा बढीमा एक महिना भित्र उपभोक्ता समिति गठन गरी सम्झौताका लागि सम्पर्क राख्न सम्बन्धित वडा मार्फत लाभग्राही समूहलाई जानकारी दिनुपर्नेछ । तोकिएको समय भित्र उपभोक्ता समिति गठन भई आउन नसकेमा सम्बन्धित गाउँपालिकाले सहजीकरण गर्नेछ । उपभोक्ता समिति गठन हुन नसकेमा अन्य वैकल्पिक माध्यमबाट आयोजना सञ्चालन गर्न सकिनेछ ।

(९) गाउँपालिकाले आयोजना कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्नेछ । यसरी नगद सहभागिता तोकिएको अवस्थामा उपभोक्ता समितिको तर्फबाट व्यहोर्नुपर्ने सहभागिता बापतको रकम सम्बन्धित गाउँपालिकाको खातामा दाखिला गरी सोको भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसंग योजना सम्झौता गर्नुपर्नेछ । नगद लागत सहभागिता जुट्ने गरी आयोजना स्वीकृत भएको अवस्थामा गाउँपालिकाले योजना सम्झौता गरी निर्धारण गरे बमोजिम जनसहभागिता बराबरको काम गरेको प्राविधिक मूल्याङ्कन सहितको प्रतिवेदन प्राप्त भए पछि कार्यप्रगतिको आधारमा रकमबाट भुक्तानी गर्नुपर्नेछ । लागत सहभागिताको व्यवस्था नभएको कुनै पनि योजना उपभोक्ता समिति मार्फत सञ्चालन गर्न पाइने छैन ।

(१०) यस बमोजिम कार्यक्रम स्वीकृत नभई विगत वर्षमा वा यसै आर्थिक वर्षमा पनि सम्झौता हुनुपूर्व कार्य सम्पन्न गरिएका भनि भुक्तानी माग गरिएको कार्यक्रम वा आयोजनाहरुमा र आ.व.को अन्त्यमा काम भैसकेको देखाई पछि काम गर्ने गरी कुनै पनि हालतमा उपभोक्ता समितिलाई रकम भुक्तानी दिन पाइने छैन । उपभोक्ता समितिले स्वीकृत कार्यक्रम बमोजिम गरेको कामको मात्र भुक्तानी दिनुपर्नेछ ।

(११) तोकिएको काम भन्दा बढी गर्ने वा काम नै नगरी वास्तविक कामभन्दा बढी काम गरेको देखाई अथवा कुनै आइटमको सट्टा अर्को आइटमको कार्य पूरा गरेको देखाई लागत अनुमान भन्दा बढी रकम माग्ने उपभोक्ता समितिलाई उक्त रकम भुक्तानी नदिई कालो सूचीमा राखी कारबाही गर्नुको अतिरिक्त सम्बन्धित प्राविधिकलाई समेत कारवाही गर्नुपर्नेछ ।

(१२)उपभोक्ता समितिको काम कर्तव्य र अधिकार लगायत आयोजना लागत, निर्माण सामाग्रीको परिमाण, आयोजनाको गुणस्तर, राख्नुपर्ने खाता, किस्ता निकासा तथा भुक्तानी प्रक्रिया, पारदर्शिता, अनुगमन सम्बन्धी व्यवस्थाका बारेमा कार्यक्रम वा आयोजना सम्झौता हुनुपूर्व एक वा सो भन्दा बढी उपभोक्ता समितिहरुका अध्यक्ष, सचिव र कोषाध्यक्षलाई सामुहिक रुपमा अनुशिक्षण कार्यक्रम सञ्चालन गर्नुपर्नेछ ।

(१३) उपभोक्ता समितिको खाता अध्यक्ष, सचिव र कोषाध्यक्ष मध्य कुनै दुईको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ । खाता सञ्चालकहरुको तीन पुस्ते खुलाई आयोजना खाता र गाउँपालिका तथा वडामा अभिलेख राख्नुपर्नेछ । उपभोक्ता समितिको गठन र यसको बैठकका निर्णयहरुको अभिलेख उपभोक्ता समितिको सचिबले राख्नुपर्नेछ ।

(१४)उपभोक्ता समितिले प्रत्येक किस्तामा खर्च गरेको सूचना सार्वजनिक गुर्नको साथै सम्बन्धित उपभोक्ता र गाउँपालिकालाई जानकारी गराउनु पर्नेछ । गाउँपालिकाबाट कुनै पनि समयमा उपभोक्ता समिति तथा आयोजना कार्यान्वयन गर्ने निकाय वा संघ-संस्थाको आर्थिक कारोबारको बारेमा जाँचबुझ वा निरीक्षण गर्न सकिनेछ ।

(१५) उपभोक्ता समिति, गैर सरकारी संस्था वा सामुदायिक संस्थाले आफ्नो खाताबाट पचास हजार भन्दा माथिको आर्थिक कारोबार गर्दा वा भुक्तानी दिँदा बैंक मार्फत गर्नुपर्नेछ ।

(१६) सामाजिक परिचालनका माध्यमबाट गठन भएका समूह, सामुदायिक संस्था (जस्तै सामुदायिक वन, सामुदायिक स्तरका सहकारी संस्थाहरु, टोल विकास संस्था, आमा समूह, कृषी समूह, सामुदायिक संगठन आदि) कार्यक्रम वा आयोजना संञ्चालन गर्न इच्छुक भएमा छुट्टै उपभोक्ता समिति गठन नगरी सञ्चालन गर्न सकिने भएमा त्यस्ता समूह मार्फत कार्यक्रम सञ्चालन गर्न सकिनेछ ।
(१७) उपभोक्ता समिति मार्फत सञ्चालन गरिने आयोजनाहरु श्रममूलक प्रविधिमा आधारित रही स्थानीय श्रमको उपयोग र परिचालनलाई उच्च प्राथमिकता दिनुपर्नेछ ।
(१८) श्रममूलक प्रविधिबाट कार्य गराउने गरी लागत अनुमान स्वीकृत गराई सोही बमोजिम सम्झौता गरी मेशिनरी उपकरणको प्रयोगबाट कार्य गरेको पाइएमा त्यस्तो उपभोक्ता समितिसंग भएको सम्झौता रद्द गरी उपभोक्ता समितिलाई भुक्तानी गरिएको रकमसंग मूल्याङ्कन गरी बढी भएका रकम सरकारी बाँकी सरह असुल उपर गर्नुपर्नेछ ।
(१९)आयोजना कार्यान्वयन गर्ने निकाय वा उपभोक्ता समितिले आयोजनाको भौतिक तथा वित्तीय प्रगति प्रतिवेदन सम्झौतामा तोकिए बमोजिमको समयमा गाउँपालिकामा पठाउनु पर्नेछ ।
(२०)गाउँपालिकाले आयोजना सञ्चालन एवम् कार्यान्वयनमा संलग्न उपभोक्ता समिति, सामुदायिक संस्था एवम् गैर सरकारी संघ संस्थाको अभिलेखीकरण गरी लगत व्यवस्थित गर्नुपर्नेछ ।
(२१) उपभोक्ता समितिसंग सम्झौता गर्नु अगाडि गाउँपालिकाको योजना शाखा वा योजना सम्बन्धि काम गर्ने कर्मचारीले प्रचलित कानून, कार्यविधि, निर्देशिका बमोजिम आवश्यक कागजात सहित उपभोक्ता समिति गठन भए नभएको बारे एकिन गरी आफ्नो स्पष्ट राय साथ सम्झौताका लागि निर्णय गर्ने अधिकारी समक्ष पेश गरी निर्णय भए बमोजिम गर्नुपर्नेछ ।
(२२) गाउँपालिका र उपभोक्ता समिति बीचमा हुने सम्झौता पत्रमा आयोजनाको लागत, कार्य प्रारम्भ र सम्पन्न हुने अवधि, उपभोक्ता समितिले गर्ने योगदानको प्रकार र रकम, सम्बन्धित उपभोक्ताद्धारा सञ्चालन र मर्मत सम्भार गर्नुपर्ने विषय आदि उल्लेख गर्नुपर्नेछ ।
(२३) उपभोक्ता समितिलाई गाउँपालिकाले लागत अनुमान तयार गर्ने, प्राविधिक सल्लाह दिने,जाँचपास लगायत अन्य प्राविधिक सहयोग उपलब्ध गराउनु पर्नेछ ।
(२४) उपभोक्ता समितिले कार्यक्रम सञ्चालन गर्दा उपभोक्ता समूहको निर्णयको आधारमा गर्ने, आयोजनाको निर्माण कार्य सम्वन्धित गाउँपालिकाको तर्फबाट तोकिएको प्राविधिकले तयार गरेको लागत अनुमान तथा प्राविधिक सल्लाहको अधिनमा रही गर्ने र आयोजना कार्यान्वयन गर्दा स्थानीय स्रोत, साधन र श्रम शक्तिको अधिकतम परिचालन गर्ने गरी गर्नुपर्दछ ।
(२५) उपभोक्ता समितिले मासिक रुपमा बैठक बस्नुपर्ने, बैठकबाट भएको निर्णय गाउँपालिकालाई जानकारी गराउने , आयोजना सञ्चालन, संरक्षण र मर्मत सम्भार गर्ने, आफूले जिम्मा लिएको काम निर्धारित समयमा सम्पन्न गर्न नसकेमा उपभोक्ता समूहको निर्णय सहित म्याद थप माग गर्ने, कार्यक्रम कार्यान्वयन संग सम्बन्धित सम्पूर्ण खर्चहरुको बिल भरपाई सुरक्षित राख्ने, सम्बन्धित कामको प्रगति बिबरण गाउँपालिकामा उपलब्ध गराउने, कामको फरफारक गराउनु अघि समीक्षाको लागि उपभोक्ता समूहको बैठक बोलाई छलफल गराउने, यस्तो बैठकको उपस्थिति र निर्णयको प्रतिलिपि गाउँपालिकामा प्रस्तुत गर्ने आदि कार्य सम्पादन गर्नुपर्नेछ ।
(२६) उपभोक्ता समितिले गरेको कामको लागत मूल्य, कार्य, कार्यस्थल, लागेको रकम, उपभोक्ता समितिको पदाधिकारीको नाम, कार्य शुरु तथा सम्पन्न मिति समेत खुल्ने गरी सम्बन्धित कार्यस्थलमा सार्वजनिक परीक्षण गरेको प्रतिवेदन सम्बन्धित गाउँपालिकामा प्रस्तुत गर्नुपर्दछ
(२७) उपभोक्ता समिति मार्फत गरिएको निर्माण वा सञ्चालन गरेको कार्यक्रमको जानकारी स्थानीय जनताले माग गरेमा उपभोक्ता समितिले उपलब्ध गराउनु पर्नेछ । यसरी माग गरेको विवरण उपलब्ध नगराएको भनी सम्बन्धित उपभोक्ताले समिति भंग गर्न माग गरेमा गाउँपालिकाले सो विषयमा सत्य

तथ्य बुझी उपभोक्ता समितिको पुनःगठन गर्न, समिति भंग गर्न वा अन्य माध्यमबाट कार्य सम्पन्न गर्न सक्नेछ ।

(२८) उपभोक्ता समिति मार्फत सञ्चालन हुने वा निर्माण हुने विकास निर्माण कार्यको स्थलगत अनुगमन गर्ने जिम्मेवारी गाउँपालिकाको हुनेछ ।

(२९) उपभोक्ता समितिले कामको लागि लिएको पेश्की फछ्र्यौट गर्दा प्रथम किस्ताको प्राविधिक मूल्याङ्कन, सम्झौता अनुसारको नाप जाँच र मूल्य खुलेको रनिङ्गविल, उपभोक्ता समितिको बैठकको प्रतिलिपि समेत राखी गाउँपालिकामा निवेदन दिनुपर्नेछ । यस विवरणको आधारमा अघिल्लो किस्ताको पेश्की फछ्र्यौट गरी थप कामको मात्र अर्को किस्ता कायम गरी सोही वरावरको रकम उपलब्ध गराइनेछ । उपभोक्ता समिति स्वयमले प्रत्येक किस्तामा गरेको खर्चको सूचना सार्वजनिक स्थानमा टाँस गर्नुपर्नेछ ।

(३०) उपभोक्ता समितिले कार्य सम्पन्न गरेपछि प्राविधिक जाँचपास र कार्यसम्पन्न प्रतिवेदन प्राप्त गरी वडा समितिको प्रतिनिधिको रोहवरमा सार्वजनिक परीक्षण गराउनु पर्नेछ । फरफारकका लागि उक्त सार्वजनिक परीक्षणको प्रतिवेदन समेत पेश गर्नुपर्नेछ । अन्तिम भुक्तानी दिंदा उक्त योजनाको कार्यान्वयन हुनुपूर्व र निर्माण पश्चातको फोटो र सो अनुसार निर्माण भएको हो भनी उपभोक्ता समितिको निर्णय र वडा समितिको सिफारिस सम्बन्धित फाईलमा समावेश गर्नु पर्नेछ ।

(३१) उपभोक्ता समिति मार्फत सञ्चालन भएका आयोजनाहरुको कार्यसम्पन्न भएपछि गाउँपालिकाले सोको रेखदेख मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्दछ । यसरी आयोजनाको हस्तान्तरण भएमा गाउँपालिकाको सहमति लिई उपभोक्ता समितिले सेवा शुल्क लिन र सोको नियमित मर्मत सम्भार र सञ्चालनको व्यवस्था गर्न सक्नेछ ।

(३२) गाउँपालिका आफैले सञ्चालन गरेको वा उपभोक्ता समिति, गैर सरकारी संस्था लगायत अन्य सामाजिक संघसंस्था मार्फत सञ्चालन गरिने तालिम, गोष्ठी, सेमिनार, अभिमुखीकरण कार्यक्रम, कार्यशालाजस्ता कार्यक्रमको भुक्तानी गर्दा उक्त कार्यक्रम सञ्चालन गर्ने विषयमा भएको निर्णय, कार्यक्रम सञ्चालन भएको स्थान र कार्यक्रम अवधि, कार्यक्रमको उद्देश्य र अपेक्षित उपलब्धी, कार्यक्रमका सहभागीको उपस्थिति,कार्यक्रमको कार्यतालिका, कार्यक्रममा प्रस्तुत भएको कार्यपत्रको प्रतिलिपि, कार्यक्रम सञ्चालन गर्दाको अवस्थाका तस्वीरहरु सहित आवश्यक विल भरपाई र कागजात संलग्न गरी कार्यसम्पन्न प्रतिवेदन गर्नुपर्नेछ ।

(३३) उपभोक्ता समितिले आयोजनाहरु सञ्चालन गर्दा तोकिए बमोजिमको गुणस्तर कायम गर्ने गराउने दायित्व र जिम्मेवारी सम्बन्धित प्राविधिक कर्मचारी, अन्य कर्मचारी, उपभोक्ता समिति र अनुगमन तथा सहजीकरण समितिको हुनेछ ।

(३४) अनुकरणीय कार्य गर्ने उपभोक्ता समिति, प्राविधिक कर्मचारी र सम्बन्धित कर्मचारीलाई गाउँसभाको निर्णय बमोजिम वार्षिक रुपमा पुरस्कार प्रदान गर्न सकिनेछ ।

(३५) अनुगमन तथा सहजीकरण समितिको सम्बन्धमा देहाय बमोजिम गर्नुपर्नेछ ।

(क) उपभोक्ता समिति वा ठेक्कापट्टा जुनसुकै प्रक्रियाबाट कार्यक्रम वा आयोजना सञ्चालन वा कार्यान्वयनमा अनुगमन एवम् सहजीकरण गर्न सम्बन्धित आयोजना र कार्यक्रमबाट प्रत्यक्ष लाभ हासिल गर्ने परिवार मध्येबाट कम्तिमा एक जना महिला सहित दुई जना र वडा समितिका एक जना सदस्य प्रतिनिधि समेत रहने गरी तीन सदस्यीय अनुगमन तथा सहजीकरण समिति गठन गर्नुपर्नेछ ।

(ख) उक्त गठित समिति ठेक्कापट्टाबाट सञ्चालन गरिने कार्यक्रम वा आयोजनाको हकमा कार्यक्रम वा आयोजना प्रारम्भ हुनुभन्दा पहिले सो आयोजनामा खटिएका कर्मचारीले र उपभोक्ता समितिबाट सञ्चालन गरिने कार्यक्रम वा आयोजनाको हकमा सम्झौता हुनुपूर्व आयोजना अनुगमन तथा सहजीकरण समिति गठन गर्नुपर्नेछ ।

(ग) आयोजना सञ्चालनको क्रममा बाधा अवरोध आइपरेमा आवश्यक सहजीकरण गर्ने, सम्पन्न कार्यक्रम वा आयोजनाको सार्वजनिक परीक्षण गर्ने तथा गाउँपालिकासंग गरेको सम्झौता र प्रचलित कानून बमोजिम कार्यक्रम तथा आयोजना सञ्चालन भएको नपाइएमा सम्बन्धित उपभोक्ता समितिलाई र गाउँपालिकालाई सोको जानकारी गराउनु कार्यक्रम वा आयोजना अनुगमन तथा सहजीकरण समितिको कर्तव्य हुनेछ ।

(घ) समितिले आयोजना सम्पन्न भएको सात दिनभित्र आयोजनाको अन्तिम भुक्तानी र फरफारकको निम्ति सिफारिश गर्नुपर्नेछ । समितिले आफ्नो दायित्व र जिम्मेवारी निर्वाह नगरेको भुक्तानी र फरफारकको लागि सिफारिश नगरेको कारणबाट प्रचलित कानून बमोजिम भए गरेका कार्यको भुक्तानी दिन फरफारक गर्न लगायतका थप कार्यहरु अगाडि बढाउन बाधा परेको मानिने छैन ।

(ङ) सम्बन्धित गाउँपालिकाले कार्यक्रम वा आयोजना अनुगमन समितिको थप जिम्मेवारी र आचार संहिता निर्धारण गर्न सक्नेछ ।

(च) आयोजना सुपरिवेक्षण र अनुगमन समितिले आयोजना निर्माण सम्बन्धमा भएको प्रगतिको विवरण उपभोक्ता समिति र गाउँपालिकालाई उपलब्ध गराउने, आयोजना सञ्चालनबाट स्थानीय जनतालाई पुगेको सुविधा, सेवाको गुणस्तर, सेवामा वृद्धि गराउनु पर्ने अवस्था आदिको सुपरिवेक्षण गरी जानकारी लिने, आयोजना सञ्चालनको क्रमामा देखा परेका बाधा व्यवधान हटाउनको लागि उपयुक्त सुझाव सहितको सिफारिश सम्बन्धित उपभोक्ता समिति र गाउँपालिकामा पेश गर्ने तथा उपभोक्ता समितिले गाउँपालिका संग गरेको सझौता र प्रचलित कानून बमोजिम कार्यक्रम तथा आयोजना सञ्चालन भएको नपाइएमा सोको जानकारी सम्बन्धित गाउँपालिकामा गराउने दायित्व र जिम्मेवारी निर्वाह गर्नुपर्नेछ ।

**११. ठेक्कापट्टा सम्बन्धि व्यवस्था**: उपभोक्ता समितिबाट कार्य सम्पन्न हुन नसक्ने जटिल र प्राविधिक रुपमा कठिन प्रकृतिका आयोजनाहरु सम्बन्धमा उपभोक्ताहरुबाट गाउँपालिकाबाटै कार्यान्वयन गर्न सिफारिश भई आएमा त्यस्ता प्रकृतिका आयोजना गाउँपालिकाबाट ठेक्का प्रक्रियाबाट काम गराउन सक्नेछ ।

**१२. आयोजना जाँचपास र फरफारक सम्बन्धि व्यवस्था:** (१) गाउँपालिकाले आयोजना सम्पन्न भएको जानकारी प्राप्त भएपछि भौतिक पुर्वाधार आयोजनाका हकमा सम्बन्धित प्राविधिकले पेश गरेको अन्तिम मूल्याकन, कार्यसम्पन्न प्रतिवेदन र सार्वजनिक परीक्षणको प्रतिवेदन तथा अन्य कृयाकलापको हकमा सार्वजनिक परीक्षणको प्रतिवेदनको आधारमा तीस दिनभित्र आयोजनाको जाँचपास गर्नुपर्नेछ ।

(२) गाउँपालिकाले संघ संस्थाबाट सञ्चालित आयोजनाको सम्बन्धित निकायबाट कार्य सम्पन्न प्रतिवेदन प्राप्त भएपछि आवश्यक जाँचबुझ गरी तीस दिनभित्र आयोजनाको जाँचपास गर्नुपर्नेछ ।

(३) गाउँपालिकाले आयोजना जाँचपास भएपछि फरफारक गरिदिनुपर्नेछ । फरफारक भएका आयोजनाहरुको गाउँसभाबाट अनुमोदन गराउनु पर्नेछ ।

## परिच्छेद-४
## थपघट वा हेरफेर

### १२. थपघट वा हेरफेर गर्न सक्ने

यस कार्यविधि कार्यान्वयनका क्रममा कुनै बाधा अवरोध वा अस्पष्टता आएमा त्यस्तो बाधा अवरोध फुकाउने प्रयोजनका लागि गाउँपालिकाले यस कार्यविधिमा आवश्यकता अनुसार व्याख्या गर्न सक्नेछ ।